**अस्वीकरण**
यो असल नियत अनुमानित खर्चमा तपाईंको स्वास्थ्य सेवा आवश्यकता अनुसार कुनै वस्तु वा सेवाका लागि उचित अनुसार लाग्न सक्ने वस्तु तथा सेवाहरूको खर्चहरू देखाइएको छ। यो अनुमानित खर्च यसै अनुमानित खर्च तयार गर्दा उपलब्ध जानकारीमा आधारित छ।

असल नियत अनुमानित खर्चमा उपचारको बेला उत्पन्न हुन सक्ने कुनैपनि अज्ञात वा अनपेक्षित खर्चहरू समावेश छैन। यदि कुनै जटिल समस्या वा विशेष परिस्थितिहरू उत्पन्न भएमा तपाईंलाई यो भन्दा धेरै खर्च लाग्न सक्छ। यदि यस्तो भएमा, सङ्घीय कानून अनुसार तपाईंले बिलको विरोध (अपिल) गर्न पाउनु हुनेछ।

**यदि तपाईंलाई यो असल नियत अनुमानित खर्च भन्दा बढी बिल गरिएमा, तपाईंले बिलको विरोध गर्ने अधिकार पाउनु हुनेछ।**

बिल गरिएको रकम असल नियत अनुमानित खर्च भन्दा बढी रहेको जानकारी गराउन तपाईंले सूचिकृत स्वास्थ्य सेवा प्रदायक वा सुविधास्थललाई सम्पर्क गर्न सक्नुहुन्छ। तपाईंले उनीहरूलाई बिललाई संशोधन गरि असल नियत अनुमानित खर्च सरह बनाउन, बिलमा तोलमोल गर्न अनुरोध गर्न, वा कुनै आर्थिक सहायता उपलब्ध हुन्छ कि भनेर सोध्न सक्नुहुन्छ।

तपाईंले संयुक्त राज्य स्वास्थ्य एवं मानव सेवा विभाग (HHS) मा पनि विवाद समाधन प्रक्रिया सुरु गर्न सक्नुहुन्छ। यदि तपाईंले विवाद समाधन प्रक्रियाको प्रयोग गर्ने विचार गर्नुभएमा, तपाईंले सक्कल बिलको 120 दिन (लगभग 4 महिना) भित्र विवाद प्रक्रिया सुरु गर्नु पर्नेछ।

विवाद प्रक्रियाका लागि $25 शुल्क लाग्नेछ। यदि तपाईंको विवादलाई हेर्ने एजेन्सी तपाईंसँग सहमत भएमा, तपाईंले यो असल नियत अनुमानित खर्च अनुसार मूल्य भुक्तान गर्नुपर्नेछ। यदि एजेन्सी तपाईंसँग सहमत नभएर स्वास्थ्य सेवा प्रदायक वा सुविधास्थलसँग सहमत भए, तपाईंले बढी रकम तिर्नु पर्नेछ।
उक्त प्रक्रियाबारे थप जानकारी पाउन र एउटा फाराम प्राप्त गर्न, www.cms.gov/nosurprises (अंग्रेजीमा मात्र उपलब्ध छ) मा जानुहोस् वा टोल फ्रि कल सेन्टर: 1-877-696-6775.

असल नियत अनुमानित खर्च वा विवाद प्रक्रियामा तपाईंको अधिकारबारे प्रश्नहरू भए वा थप जानकारीका लागि, www.cms.gov/nosurprises (अंग्रेजीमा मात्र उपलब्ध छ) मा जानुहोस् वा टोल फ्रि कल सेन्टर: 1-877-696-6775.
यो असल नियत अनुमानित खर्चको प्रतिलाई सुरक्षित राख्नुहोस् वा यसको नक्सा खिचेर राख्नुहोस्। तपाईंलाई बढी रकम बिल गरेको अवस्थामा यो आवश्यक हुन सक्छ।

उक्त प्रक्रियाबारे थप जानकारी पाउन र एउटा फाराम प्राप्त गर्न, www.cms.gov/nosurprises (अंग्रेजीमा मात्र उपलब्ध छ) मा जानुहोस् वा टोल फ्रि कल सेन्टर: 1-877-696-6775.

असल नियत अनुमानित खर्च वा विवाद प्रक्रियामा तपाईंको अधिकारबारे प्रश्नहरू भए वा थप जानकारीका लागि, www.cms.gov/nosurprises (अंग्रेजीमा मात्र उपलब्ध छ) मा जानुहोस् वा टोल फ्रि कल सेन्टर: 1-877-696-6775.

यो असल नियत अनुमानित खर्चको प्रतिलाई सुरक्षित राख्नुहोस् वा यसको नक्सा खिचेर राख्नुहोस्। तपाईंलाई बढी रकम बिल गरेको अवस्थामा यो आवश्यक हुन सक्छ।